# दलित समुदाय उत्थान सशक्तीकरण कार्यक्रम संचालन कार्यविधि २०७८

## प्रमाणीकरण मितिः २०७८।११।१०

स्थानीय सरकार संचालन ऐन २०७४को दफा १०२को उपदफा (२)ले दिएको अधिकार प्रयोग गरी दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरण गर्न दलित समुदाय उत्थान सशक्तीकरण कार्यक्रम संचालन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले यो कार्यविधि जारी छ।

**प्रस्तावनाः**

दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरण गर्न दलित समुदाय उत्थान सशक्तिकरण कार्यक्रम संचालन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले आवश्यक नीति नियमको व्यवस्था गर्न तारकेश्वर नगरपालिकाको दलित समुदाय उत्थानको लागि सशक्तिकरण कार्यक्रम कार्यविधि २०७८ वनाई लागु गरिएको छ।

### परिच्छेद–१

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम " दलित समुदाय उत्थान सशक्तिकरण कार्यक्रम संचालन कार्यविधि २०७८ रहनेछ।

१.२. यो कार्यविधि कार्यपालिकाको वैठकको निर्णय पश्चात् प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,:

२.१."कार्यविधि "भन्नाले दलित समुदाय उत्थान सशक्तिकरण कार्यक्रम संचालन कार्यविधि २०७८ भन्ने सम्झनुपर्छ।

२.२. समन्वय समिति भन्नाले तारकेश्वर नगरपालिकाबाट गठित समितिलाई सम्झनु पर्छ।

२.३. उप समिति भन्नाले कार्य सहजीकरणको लागि समितिबाट गठित उप समितिलाई सम्झनु पर्छ।

२.३. कोष भन्नाले नगरपालिकाबाट छुट्टाएको रकम, आन्तरिक वा बाह्य संघ संस्थाबाट प्राप्त रकम अनुदान आदिलाई सम्झनुपर्छ।

२.४.समन्वय समितिका पदाधिकारी भन्नाले समिति तथा उप समितिका पदाधिकारी भन्ने सम्झनु पर्छ।

### परिच्छेद–२

**२.उदेश्यः**

दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरण गर्न दलित समुदाय उत्थान सशक्तिकरण कार्यक्रम संचालनका उद्धेश्यहरुः

२.१.तारकेश्वर नगरपालिकामा स्थायी वसोवास गरी बस्ने दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरण गर्न सहयोग पुर्‍याउने।

२.२. नगरभित्रको दलित समुदायले उत्पादन गरेका सामान तथा कलाकृतिहरुको संरक्षण संर्म्बधनमा सहयोग गर्ने।

२.३. कुनै जात, जाति,व्यक्ति वा समूदायको सामाजिक सचेतना अभिबृद्धि गर्न सहयोग पुर्‍याउने।

२.४. दलित समुदायको हक हितको संरक्षण र सम्बर्द्धन गर्ने।

२.५.सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सहयोग गर्ने।

## परिच्छेद–३

### ३.समन्वय समिति गठन र वैठक कार्यविधि

३.१. दलित समुदाय उत्थानको लागि सशक्तिकरण कार्यक्रम संचालन समन्वय समिति मा देहाय बमोजिमको पदाधिकारी रहने गरी एक समन्वय समति गठन गर्न सकिनेछ ।

३.२. नगर प्रमुख : संयोजक

३.३. नगर उप प्रमुख : सह सयोजक

३.४. प्रमुख प्रशासकिय अधिकृत : सदस्य

३.५ .नगर प्रमुखबाट कम्तिमा एक महिला सहितकार्यपालिका सदस्य दुई जना (दलितबाट महिला र पुरुष) : सदस्य

३.६. प्रत्येक वडाका दलित महिला वडा सदस्य ११ जना : सदस्य

३.७. जिल्लास्तरीय वा तारकेश्वर नगरपालिकामा
दलितको क्षेत्रमा कार्य गर्ने संघ संस्था मध्ये नगर प्रमुख बाट मनोनित १जना : सदस्य

३.८. नगरपालिकाको सामाजिक शाखा प्रमुख वा प्रमुख प्रशासकिय अधिकृतले तोकेको कर्मचारी : सदस्य

३.९. सामाजिक शाखाको प्रमुख वा प्रमुख प्रशासकिय अधिकृतले तोकेको कर्मचारी : सदस्य सचिव

३.१०. समितिको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ ।

३.११. समन्वय समितिको वैठक कम्तिमा तीन महिनाको एक पटक साथै आवश्यकता अनुसार वस्न सक्नेछ ।

३.१२.सदस्य सचिवले पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय कितावको सुरक्षा गर्ने संयोजकको आदेशानुसार वैठकको लागि आवश्यक अन्य कार्य गर्नेछ

३.१३.आवश्यकता अनुसार दलितको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद–४

### ४.समन्वय समितिको काम कतर्व्य र अधिकार देहाय बमोजिम हुनेछ ।

४.१. दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरण गर्न कार्यक्रम तथा नीतिहरु तयार गर्ने।

४.२. दलित समुदाय उत्थानको लागि सशक्तीकरण कार्यक्रमको दीर्घकालीन नीति,योजना,र वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने।

४.३ दलित समुदाय सशक्तीकरणका लागि संचालित नीति तथा कार्यक्रमको कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने।

४.४.नगरपालिका भित्र दलित परिवारको सशक्तीकरणको लागि क्षमता अभिवृद्धि गर्ने गराउने ।

४.५.नगरपालिकामा दलित परिवारको तथ्याङ्क संकलन, अभिलेखिकरण तथा सूचना प्रणालीको विकास सञ्चालन व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने ।

४.६.स्थानीय तह मार्फत नेपाल सरकार,अर्थ मन्त्रालयको स्वीकृत लिई दलित समुदाय संरक्षण तथा प्रवर्धनका लागि दि्पक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवश्वयकतानुसार कार्यक्रम संञ्चालन गर्ने ।

४.७.नेपाल सरकार,प्रदेश सरकार र स्थानीय तहको स्वीकृत योजना, बार्षिक नीति तथा कार्यक्रम अनूकुल प्राथमिकता निर्धारण गरी दलित समुदाय संरक्षण तथा अधिकार प्रवर्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालनमा सहयोग गर्ने ।

४.८.नगरपालिका भित्र दलित समुदाय विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ अपाङ्गता भएका व्यक्तिहरुका लागि संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने ।

४.९.स्वीकृत कार्यक्रमको चौमासिक,अर्धबार्षिक र बार्षिक प्रगति संमिक्षा गर्ने, उप समितिलाई राय सुझाव दिने ।

## परिच्छेद– ५

### ५ उप समिति गठन र वैठक कार्यविधि

दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरण गर्न दलित समुदाय उत्थान सशक्तिकरण कार्यक्रम संचालन गर्नको लागि परिच्छेद १ को दफा २.३ अनुसार तपशिलका सदस्य रहने गरी उप समित गठन गरिनेछ ।

५.१.प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी : संयोजक

५.२ नगर शिक्षा शाखा प्रमुख वा निजले तोकेको शाखाको कर्मचारी : सदस्य

५.३.स्वास्थ्य शाखा प्रमुख वा निजले तोकेको कर्मचारी : सदस्य

५.४.सामाजिक विकास शाखा प्रमुख वा निजले तोकेको कर्मचारी :सदस्य

५.५.उप समितिले तोकेको एक जना महिला सहित दुई जना सदस्यहरु : सदस्य

५.६.दलित समुदायको क्षेत्रमा कार्य गर्ने विज्ञ उपसमितिबाट मनोनित एक जना : सदस्य

५.७.प्रमुख प्रशासकिय अधिकृतले तोकेको कर्मचारी :सदस्य सचिव

### बैठक कार्यविधि

५.८.उप समतिले पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ ।

५.९.दलित समुदाय उत्थानको लागि सशक्तिकरण कार्यक्रम संचालन समन्वय समितिको वैठक मासिक रुपमा वस्नेछ, आवश्यकता अनुसार वस्न सक्नेछ ।

## परिच्छेद– ६

### ६.उप समितिको काम कतर्व्य अधिकार देहाय बमोजिम हुनेछ ।

६.१. स्वीकृत कार्यक्रम संचालन गर्नको लागि कार्ययोजना वनाउने र संचालन गर्ने ।

६.२. चौमासिक,अर्धबार्षिक र बार्षिक रुपमा प्रगति प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने ।

६.३. दलितको हक संरक्षण हित प्रर्वद्धनका लागि न.पा.बाट संचालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहयोग गर्ने ।

६.४. दलित समुदाय संचालित नीति तथा कार्यक्रमको कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने,

६.५. दलितको हक हित प्रर्वद्धनको लागि न.पा.मा देखा परेको बाधा अवरोध निराकरणमा सहयोग गर्ने ।

६.६. दलित समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरण लागि आवश्यकता अनुसार कार्यक्रम तयार गर्ने ।

६.७. दलित सुमदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सो समुदायको सशक्तीकरणका लागि दलितसँग सम्बन्धित प्रचलित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नु पर्ने सुधारका लागि सुझाव दिने ।

६.८. दलित समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा सो समुदायको सशक्तीकरणका सम्बन्धमा संघ प्रदेश र अन्य सरकारी तथा गैरसरकारी संस्थासंग समन्वय र सहकार्य गर्ने ।

६.९.सामाजिक कुरीति विरुद्ध सामाजिक सचेतना अभिबृद्धि गर्ने र संरक्षण र हित प्रर्वद्धनको लागि प्रचार प्रसार र पैरवी गर्ने ।

६.१०.दलित समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरण लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

६.११. दलित आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने वा गराउने,

६.१२. मासिक, चौमासिक र वार्षिक कार्यक्रमको प्रगति संमीक्षा गर्ने ।

६.१३. सदस्य सचिवले पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने संयोजकको आदेशानुसार वैठकको लागि आवश्यक अन्य कार्य गर्ने ।

## परिच्छेद– ७

## सञ्चालन गर्न सकिने मुख्य कार्यक्रमहरु

**७.दलित समुदायको हक, हितको संरक्षण र प्रर्वद्धनका लागि दलित समुदाय उत्थान सशक्तिकरण कार्यक्रम संचालन गर्दा देहायका कार्यक्रम संचालन गर्न सकिनेछ ।**

७.१ आर्थिक सशक्तिकरणका कार्यक्रम

७.२. सामाजिक सशक्तिकरणका कार्यक्रम

७.३. जिविकोपार्जनका लागि सहयोग कार्यक्रम (अनुदान)

७.४. कानुनी सहयोगको कार्यक्रम

७.५. शैक्षिक सहयोगको कार्यक्रम

७.६. क्षमता विकासका कार्यक्रम

७.७. संस्थागत विकासक कार्यक्रम

७.८. संचेतनामूलक कार्यक्रम

७.९. स्वास्थ्य सम्वन्धी कार्यक्रम

७.१०.संरक्षण कोष संञ्चालन

७.११.अन्य सान्दर्भिक कार्यक्रमहरु

## परिच्छेद– ८

## विविध

**८.स्रोतको व्यवस्थापन** : नगरपालिकाले दलित समुदाय संरक्षण तथा सम्वर्धनको लागि सशक्तीकरण कार्यक्रम संचालन गर्न योजना निर्माण गरी सो योजना कार्यान्वयनका लागि आवश्यक वजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

८.१. माथि उल्लेखित कार्यक्रम तथा वैठक व्यवस्थापन संचालन सम्वन्धी खर्च नगरपालिकाको खर्चको मापदण्ड अनुसार हुनेछ ।

**९. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार** : कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दिृविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार नगरकार्यपालिकालाई हुनेछ ।

**१०. संसोधन गर्न सकिने** : यस कार्यविधिलाई नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**११.यसै कायविधि बमोजिम भए गरेको मानिने** : नगरपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अधि गरेका दलित लक्षित कार्यक्रमहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।